# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, चैत ८ गते २०४२ साल (अतिरिक्ताङ्क ५८ (क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### विज्ञप्ति १

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दले मिति २०४२ साल चैत्र ७ गते रोज ५ मा प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा निजले इमान्दारीपूर्वक गरेको कामको लागि धन्यवाद बक्सँदै मौसूफबाट नेपालको संविधान बमोजिम उक्त राजीनामा स्वीकृत गरिबक्सी वर्तमान मन्त्रिपरिषद् विघटन गरिबक्सेको छ ।

साथै राष्ट्रिय पञ्चायतका सदस्यको लागि हुन लागेको निर्वाचन सम्पन्न भई राष्ट्रिय पञ्चायतको सिफारिशमा प्रधानमन्त्रीको नियुक्ति नभएसम्म बढीमा तीन महिनाको लागि नेपालको संविधान बमोजिम मन्त्रिपरिषद्को कार्य सञ्चालनका निमित्त मन्त्रिपरिषद्को गठन हुन मौसूफका हजूरमा परामर्श चढाउनका लागि मौसूफबाट श्री नगेन्द्रप्रसाद रिजाललाई हुकूम बक्सेकोले सर्वसाधारणको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८७९